ऐन नं-

# सुनापती गाउँपालिकाको आर्थिक ऐन, २०७५

सभाबाट स्वीकृत मिति : २०७५।०३।३१

**सुनापती गाउँपालिका**

**सुनापती गाउँकार्यपालिकाको कार्यालय**

**हिलेदेवी, रामेछाप**

**३ नं प्रदेश, नेपाल**

**सुनापती गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यन्वयन गर्न बनेको बिधेयक**

प्रस्तावना :

सुनापती गाउपालिकाको आर्थिक वर्ष २०७५।७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नका निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले ,

नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम सुनापति गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम " सुनापती गाउँपालिकाको आर्थिक ऐन, २०७५" रहेको छ ।

२. सम्पति कर : गाउँपालिका क्षेत्रभित्र अनुसुची (१) बमोजिम एकिकृत सम्पति कर लगाइने र असुल उपर गरिने छ ।

३. भूमि कर ( मालपोत ) : गाउँपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भूमिकर (मालपोत) कर लगाइने र असुल उपर गरिनेछ।

४. घर बहाल कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमचा दिएकोमा अनुसुची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. व्यवसाय कर : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँनीगत लगानी र आर्थिक कारोबारकाआधारमा अनुसुची (४) बमोजिम व्यवसपाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. सवारी राधन कर : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर , प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. विज्ञापन कर : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. मनोरञ्जन कर : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुची (७) बमाजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा साही बमोजिम हुनेछ ।

९. बहाल विटौरी शुल्क : गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची (८) मा भए अनुसार हाट बजार वा पसलमा साही अनुसुचीमा भएको व्यवस्था अनुसार वहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. पार्किङ शुल्क : गाउँपालिका क्षेत्रभित्र कुने सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसुची ( ९) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङग, बन्जी, जम्पिङ्ग, जिपफ्लायर ऱ्याफ्टिङ्ग शुल्क : गाउँपालिकाले क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङग, बन्जी, जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसुची (१०) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. सेवा शुल्क, दस्तुर : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुची (११० मा उल्लेखित स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवाग्राहबिाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. पर्यटन शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेट ।

१४. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै किसिमको कर छुट दिइने छैन ।

१५. कर तथा शुल्क संकलन सम्बन्कमधी कार्यविधि : यो ऐनमा व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्मिध गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसुची - १**

**(दफा २ सँग सम्बन्मिधत)**

**गाउँपालिकाले अनफ्नो क्षेत्रभित्र लगाउन सक्ने सम्पति करको वार्षिक दर**

१. घर जग्गा कर :

घरजग्गाको मूल्य करको दर

| कर योग्य एकिकृत सम्पत्तिको मूल्य | करको दर (वार्षिक) |
|---|---|
| पहिलो पाँच लाख रुपैयाँसम्म | रु. ५००।- |
| त्यसपछिको पाँच लाखदेखि दश लाख रुपैयाँसम्म | रु. १०००।- |
| त्यसपछिको रु. १० लाखदेखि रु. २० लाखसम्म | रु. २०००।- |
| त्यसपछिका रु.२० लाखदेखि रु. ३० लाख रुपैयाँसम्म | रु. ३०००।- |
| त्यसपछिको रु. ३० लाखदेखि रु. ४० लाख रुपैयाँसम्म | रु. ४०००।- |
| त्यसपछिको रु. ४० लाखदेखि रु. ५० लाख रुपैयाँसम्म | रु. ५०००।- |
| त्यसपछिको रु. ५० लाखदेखि रु. १ करोड रुपैयाँसम्म | रु. १०००० ।- |

२. घरजग्गाको मूल्याङ्कन गर्ने तरिका

१. घरजग्गाअमा कर लाग्ने क्षेत्रहरुको लागि घरको बनोटको वर्गीकिरण र मूल्याङ्कन देहाय बमोजिम हुनेछ :-

(क) घरको बनोटको वर्गीकरण :

(१) ढुङ्गामा माटोको जोडाई भएका सबै किसिमका घर र काठकाठबाट बनेबा घर ।

भित्रबाहिर पाको ईटमा सिमेन्ट वा बज्रको जोडाई भएका सबै किसिमका घर ।

(३) आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर ।

(ख) घरको मूल्याङ्कन

| घरको बनोट | औषत लागत दर प्रति वर्गफुट | प्रतिवर्ष टुटफुट कट्टि दर प्रतिशत | प्रतिशत जम्मा वर्ष |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| प्रकरण २ (१) (क) (१) बमोजिमको घर | रु. ४५०।- | ३.०० | २५ |
| प्रकरण २(१) (क) (२( कमोजिमको घर | रु. ५३५।- | २.०० | ३० |
| प्रकरण २(१) (क) (३) बमाजिमको घर | रु. ५७५।- | १.०० | ७० |
| प्रकरण २(१) (क) (४) बमोजिमको घर | रु. ६३५।- | ०.७५ | १०० |

(ग) काँचो ईट वा माटोको गारो वा बाँस वा काठको टाटी भै फुस, छ्वाली, खर, पराल र साधारण टीनको छाना भएको घरको मूल्याङ्कन गरिने छैन ।

(घ) सिनेमाहलहरुको भवनको अघिल्लो भाग (मुख्य अडिटोरियम) को मूल्याङ्कन गर्दा माथि उल्लेखित दरमा २५ प्रतिशत छुट दिई मूल्यांकन गरिनेछ ।

(२) घरजग्गामा कर लाग्ने क्षेत्रहरुको जग्गाकको मूल्याङ्कन गर्दा सोको प्रयोजनको निम्ति गठन स्थानीय समितिले तोके बमोजिम हुनेछ । यसरी नतोकिएको हदमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम जग्गको मूल्यांकन गरिनेछ ।

## अनुसुची-२

(दफा ३ सँग सम्बन्धित)

### गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने भूमि कर (मालपोत) को दर

| सि. नं. | वर्ग | न्युनतम ५ रोपनी सम्मको रकम | | थप प्रति रोपनको रकम | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| १. | अब्बल | रु. ३०।- | रु. २०।- | रु. १० ।- | रु. ५।- |
| २. | दोयम | रु. २५।- | रु. १५।- | रु. ५।- | रु. ४।- |
| ३. | सिम | रु. २०।- | रु. १०।- | रु. ४।- | रु. ३।- |
| ४. | चाहार | रु. १५।- | रु. ५।- | रु. ३।- | रु. २।- |

## अनुसुची-३

(दफा ४ सँग सम्बन्मिधत)

### गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने घर बहाल करको दर

१. आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहालको रकमको बढीमा दुई प्रतिशतसम्म ।

२. आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको हतट बजार र सार्वजानिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफुट मासिक बहाल विरौटी साविक हिलेदेवी को साँधी डाँडा बजारमा रु. पााच र बाँकी गुन्सी, दिमीपोखरी, हिलेदेवी, वेथान, खनियापानीमिा दुई रुपैयाँ मात्र ।

## अनुसुची-४

(दफा ५ सँग सम्बन्धित)

## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने व्यवसाय करको वार्षिक दर

१. व्यापारिक वस्तु :

क) चुरोट, रक्सी, ज्वेलरी( सुनका जलप लगाएका गरगहना समेत) भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर आदिको थोक तथा खुद्रा व्यापारमा रु. १०००।- (एक हजार रुपैयाँ मात्र)

ख) निर्माण सामाग्री, कम्प्युटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तसका थोक तथा खुद्रा व्यापारमा रु. १०००।- (एक हजार रुपैयाँ मात्र)

ग) दैनिक उपभोगका खाद्य पदार्थ, सुती कपडा, आदीको थोक तथा खुद्रा व्यापारमा रु. ५००।- (पाँच सय रुपैयाँ मात्र)

२. विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा :

| विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा | वार्षिक करको दर |
|---|---|
| क) चिकित्सक | रु. ५००।- |
| ख) कविराज | रु. ५००।- |
| ग) इन्जिनियर | रु. १००० ।- |
| घ) कानून व्यवसायी | रु. ५००।- |
| ङ) लेखा परिक्षक | रु. ५००।- |
| च) दन्त चिकित्सक | रु. ५००।- |
| छ) अनुसन्धानकर्ता तथा परामर्श दाता | रु. ५००।- |
| ज) कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | रु. ५००।- |
| झ) बिमा एजेन्ट | रु. ५०० |

| | |
|---|---|
| ञ) सर्भेयर | रु. ५००।- |
| ट) अनुवादक | रु. ५००।- |
| ठ) पशु चिकित्सक | रु. ५००।- |
| ड) शेयर दलाल | रु. ५००।- |
| ढ) सामान ढुवानीकर्ता तथा कम्पनी | रु. १००० ।- |
| ण) संस्थागत पेन्टर | रु. ५०००।- |
| त) सुर्तीजन्य पदार्थ | रु. २०००।- |
| थ) निर्माण सामाग्री | रु.१५००।- |
| द) पेट्रोलियमजनय सामाग्री | रु. २५००।- |
| ध) कम्प्युटर, टेलिभिजन सेवा | रु. १०००।- |

३. निर्माण व्यवसाय :

गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा रु. २,०००।- (दुई हजार रुपैयाा मात्र)

४. उत्पादन मुलक उद्योग :

कोरा माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा रु. २,०००।- (दुई हजार रुपैयाा मात्र)

५. उर्जामुलक उद्योग :

जलस्रोत, ावाष्पु, सौर्यशक्ति, कोइला, प्राकधृतिक जेल, ग्याानस, वायोग्याँस नतथा अन्य स्रोतहरुबाट उर्जा पैदा गनॅ उद्योग व्यवसायमा रु. २,०००।- (दुई हजार रुपैयाा मात्र)

६. कृषि तथा वन्यजन्य उद्योग :

मूलतः कृषि नवा वन पैदावरमा आधारित व्यवसायमा रु. १,५०० ।- (एक हजार पाँच सय रुपैयाँ मात्र)

७. खनिज उद्योग :

खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा रु. १,५०० ।- (एक हजार पाँच सय रुपैयाँ मात्र)

८. पर्यटन उदोग :

पर्यटक, आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट ट्राभल एजेन्सी, स्कीइङ, ज्लाइडिङ, वाटर र्याफि्टङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएष्यर व्यालुनिङ, प्यारा सेलिङ, गल्फ कोर्स, पोलो, अश्वारोहण आ िद उदोग व्यवसायमा रु. १,००० ।- (एक हजार रुपैयाँ मात्र)

९. सेवा उद्योग :

छापाखाना, परामर्श सेवा जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजानिक परिविहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उदोग व्यवसायमा रु. ४०० -चार सय रुपैयाँ मात्र)

१०. निर्माण उद्योग : सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ वृज तथा औद्योगिक, व्यापापिरह एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा रु १,००० ।- (एक हजार रुपैयाँ मात्र)

११. संचार सेवा :

क) निजी क्षेत्रका हुलाक सेवामा रु. ४००।- (चार सय रुपैयाँ मात्र)

ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोबाइल फोन, आइएसपिड, एसटिडि, इमेल, इन्टरनेट, रेडियो पेजिङ आदिमा रु. ४००।- (चार सय रुपैयाँ मात्र)

ग) कुरियर सेवा रु. ४००।- (चार सय रुपैयाँ मात्र)

१२. वित्तीय सेवा :

| वित्तीय सेवा | करको दर (वार्षिक) |
|---|---|
| क) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहोको बाहोक आर्थिअक कारोबार गर्ने वाणिज्य बैंक | रु. १०,००० ।- |
| ख) आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | रु. ७,०००।- |
| ग) वित्तीय कम्पनीको शाखा कार्यालय | रु. २,०००।- |
| घ) विमा कम्पनी | रु. ७,०००।- |
| ङ) विदेशी मुद्रा सटही | रु. १,५०० ।- |
| च) धितोपत्र कारोबार | रु. १,५०० ।- |
| छ) सहकारी बैंक | रु. २,०००।- |
| ज) बचत ऋण तथा सहकारी संस्था | रु. १,५००।- |

१३. स्वास्थ्य सेवा :

| स्वास्थ्य सेवा | करको दर (वार्षिक) |
|---|---|
| क) गैर सरकारी अस्पताल | रु. ३०००।- |
| ख) नर्सिङ्ग होम | रु. ३०००।- |
| ग) क्लिनिक तथा ल्याव | रु. १५०० ।- |

१४. शिक्षा सेवा :

| शिक्षा सेवा | करको दर (वार्षिक) |
|---|---|
| क) निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय | रु.१५०० ।- |
| ख) तालिम तथा अनुसन्धान केन्द्र | रु. १५०० ।- |
| ग) टाईपिङ्ग, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | रु. ३०००।- |
| घ) अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | रु.२५००।- |

१५. मर्मत संभार सेवा :

| मर्मत संभार सेवा | करको दर (वार्षिक) |
|---|---|
| क) हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटर साईकल, टेम्पो मर्मत कारखाना | रु.१००० ।- |
| ख) साईकल मर्मत कारखाना | रु.५०० ।- |
| ग) रेडियो, टि.भी घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, विद्युत समाग्री मर्मत केन्द्र | रु.५०० ।- |

१६. अन्य सेवा :

| सेवा | करको दर (वार्षिक) |
|---|---|
| क) वैदेशिक रोजगार सेवा | रु.१००० ।- |
| ख) स्वदेशी रोजगार सेवा | रु.५०० ।- |
| ग) सेक्रेटरियल सेवा | रु.१००० ।- |
| घ) हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद बिक्रि ( रियल स्टेट) | रु.१५०० ।- |
| ङ) व्युटी पार्लर, केश श्रृगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि | रु.५०० ।- |
| च) साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | रु.५०० ।- |
| छ) पशु बधशाला | रु.५०० ।- |
| ज) मासु विक्रेता | रु. ५००।- |
| झ) फुल विरुवा र रुद्राक्ष विक्रेता | रु. ५००।- |
| ञ) पुल हाउस | रु. ५००।- |
| ट) खोटो व्यवसायी | रु. ५००।- |
| ठ) भाँडाकुँडा विक्रेता | रु. ५००।- |

| | |
|---|---|
| ड) स्टिल, काठ, फर्निचर विक्रेता | रु. ५००।- |
| ढ) खेलौना, उपहार (गिफ्ट) विक्रेता | रु. ५००।- |
| ण) केवुल, नेटवर्किङ्ग | रु.१००० ।- |

१७. अन्य व्यवसाय :

| व्यवसाय | करको दर (वार्षिक) |
|---|---|
| क) पार्क, पिकनिक स्पट | रु.१०० ।- |
| ख) क्यासिनो | चलाउन नपाउने |
| ग) टुर अपरेटर | रु.२५०० ।- |
| घ) मसाज पार्लैर | रु.१००० ।- |

१८. अस्थायी हाट बजार वा घुम्ती पसल :

यस अनुसुचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अस्थायी हाटबजार वा घुम्ती पसल रमखी गरिने देहायका व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय कर :

१. घुमती -मोवाइल) वपसल, खुन्चा समेतमा रु. २०।-

२. चौपाया प्रति गोटा रु. २०।-

३. हाँस कुखुरा आदी प्रति रु. ५।-

४. साग सब्जी र फलफुल पसल रु. ५।-

५. अन्य रु. ५।-

१९. माथिको वर्गिकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोबार र स्तर हेरी वार्षिक रु. ५००।-

## अनुसुची-५

(दफा ५ सँग सम्बन्धित)

## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सवारी करको वार्षिक दर

१. सवारी दर्ता तथा वार्षिक सवारी कर :

| सवारी दर्ता तथा वार्षिक सवारी कर | करको दर (वार्षिक) |
|---|---|
| १. बस, ट्रक, कार लरी र अन्य हेभी गाडीमा | रु.१००० ।- |
| २. भाडाका कार, जीपमा | रु.२०० ।- |
| ३. भाडकाको टेम्पोमा | रु.१०० ।- |
| ४. भाडकाको मिनीबसमा | रु.५०० ।- |
| ५. निजी कार, टेम्पो, मिनीबस | रु.१०० ।- |
| ६. स्कुटर, मोटरसाईकल नतथा अन्य सवारी साधनमा | रु.५० ।- |
| ७. ठेलगाडा तथा रिक्सामा | रु.१५ ।- |

द्रष्टव्य : एक गाउँपालिकाले सजारी दर्ता तथा वार्षिक कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक कर लिन पाउने छैन ।

## अनुसुची-६

**(दफा ७ सँग सम्बन्धित)**

**गाउँपमलिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने विज्ञापन करको दर**

| क्र.सं. | विज्ञापनको प्रकृति | करको दर |
|---|---|---|
| १. | गाडिमा सामान बोकी विज्ञापन गर्ने (प्रति पटक) | रु.१०० ।- |
| २. | स्टल राखी विज्ञापन गर्ने | रु.१०० ।- |
| ३. | कन्सर्ट (प्रति पटक) | रु.२०० ।- |
| ४. | तुल व्यानर राखी विज्ञापन (प्रति पटक) | रु.२०० ।- |

नोट : गाउँपालिका भित्र एउटा वडामा कर तिरिसकेपछि एउटै गाउँपालिकाको अर्को वडामा तिर्नु नपर्ने ।

## अनुसुची-

**(दफा ८ सँग सम्बन्धित)**

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने मनोरञ्जन करको दर**

१. सिनेमा हल, भिडियो हल, साास्कृतिक प्रदर्शन हल, थियटर संगीत, मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको शुल्कमा दुई प्रतिशत कर लाग्नेछ ।

तर, ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

२. जादु, सर्कस, चटक आदिमा प्रति दिन २००।- (दुई सय रुपैयाँ) कर लिइनेछ ।

**अनुसुची-८**

**(दफ ९ सँग सम्बन्धित)**

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बिटौरी शुल्कको दर**

१. आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजानिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफुट मासिक बहाल विरौटी साविक हिलेदेवी गा.वि.स. को साँधिडाँडा बजार, साविक वेथान गा.वि.स. को पानीघाटमा रु. पाँच र बाँकी गुन्सी, दिमीपोखरी, हिलेदेवी, वेथान, खनियापानी को कुनै पनि ठाउँमा दुई रुपैयाँ मात्र ।

**अनुसुची-९**

**(दफा १० सँग सम्बन्धित)**

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ शुल्कको दर**

| साधन | पार्किङ शुल्कको दर (एक पटक) |
|---|---|
| १. बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | रु.५०।- |
| २. कार जीप, टेम्पो मिनिबस | रु.२५।- |

| | |
|---|---|
| ३. स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधनमा | रु.१०।- |

**अनुसुची-१०**

**(दफा ११ सँग सम्बन्धित)**

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने**

**ट्रेकिङ्ग, कोयाकिड, क्यानोइङेग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्कको वार्षिक दर**

१. ट्रेकिङ्ग, कोयाकिड, क्यानोइङेग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गर्ने संस्थाबाट वार्षिक ५००।- (पाँच सय रुपैयाँ) लिइनेछ ।

**अनुसुची-११**

**(दफा १२ सँग सम्बन्धित)**

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने**

**स्थानीय पूर्वाधार र उपलीध गराएको सेवामा लाग्ने शुल्कको दर**

| सि. नं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १. | घर जग्गा नामसारी सिफारिश | रु.२०० ।- | |
| २. | मोहि लगत कट्टा सिफारिश | रु.२०० ।- | |
| ३. | घर कायम सिफारिश | रु.२०० ।- | |
| ४. | छात्रवृत्ति सिफारिश | निःशुल्क | |
| ५. | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिश | रु.१५० ।- | |
| ६. | अपांग सिफाशि | निःशुल्क | |
| ७. | अस्थायी बसोबास सिफारिश | रु.१०० ।- | |
| ८. | स्पथायी बसोबास सिफारिश | रु.२०० ।- | |
| ९. | नागरिकता र प्रतिलिपी सिपफारिश | रु.१०० ।- र रु. २००।- | |

| | | | |
|---|---|---|---|
| १०. | अंगिकृत नागरिकता सिफारिश | रु.५०० ।- | |
| ११. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निःशुल्क | |
| १२. | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | रु.१००० ।- | |
| १३. | विद्युत जडान सिफारिश | रु.२०० ।- | |
| १४. | धारा जडान सिफारिश | रु.२०० ।- | |
| १५. | जिवित रहेको सिफारिश | रु.१०० ।- | |
| १६. | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिश/फरक जन्ममिति संशोधन सिफारिश | रु.१०० ।- | |
| १७ | जग्गा मूल्यांकन सिफारिश र प्रमाणित | रु.५०० ।- | |
| १८. | व्यवसाय वन्द सिफारिश | रु.१०० ।- | |
| १९. | व्यवसाय संचालन नभएको सिफारिश | रु.१०० ।- | |
| २०. | व्यापार व्यवसाय नभएको सिफारिश | रु.१०० ।- | |
| २१. | कोट फी मिनाहा सिफारिश | निःशुल्क | |
| २२. | नावालक परिचयपत्र सिफाशि | रु.१०० ।- | |
| २३. | चौपाया सम्बन्धी सिफारिश | रु.१०० ।- | |
| २४. | व्यवसाय दर्ता सिफारिश | रु.३०० ।- | |
| २५. | उद्योग ठाउँसारी सिफारिश | रु.३००० ।- | |
| २६. | विद्यालय ठाउँसारी सिफारिश | रु.१००० ।- | |
| २७. | आन्तरिक बसाइँसराई सिफारिश | रु.१०० ।- | |
| २८. | व्यक्तिगत विवरण सिफारिश | रु.१०० ।- | |
| २९. | जग्गादर्ता सिफारिश | रु.२०० ।- | |

| | | | |
|---|---|---|---|
| ३०. | संरक्षक सिफारिश -व्यक्तिगत) | रु.१०० ।- | |
| ३१. | संरक्षक सिफारिश (संस्थागत) | रु.१०० ।- | |
| ३२. | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश | निःशुल्क | |
| ३३. | जीवितसँगको नाता प्रमाणित | रु.१०० ।- | |
| ३४. | मृतकसँगको नाता प्रमाणित | रु. १०० ।- | |
| ३५. | कोठा खोल्ने कार्य/रोहवर बस्ने कार्य | रु.१५० ।- | |
| ३६. | निःशुल्क वा सःशुल्क स्वास्थय उपचार सिफारिश | निःशुल्क | |
| ३७. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | निःशुल्क | |
| ३८. | संस्था दर्ता सिफारिश | रु.५०० ।- | |
| ३९. | घरबाटो प्रमाणित | रु.२०० ।- | |
| ४०. | चार किल्ला प्रमाणित | रु.२०० ।- | |
| ४१. | जन्ममिति प्रमाणित | रु.१०० ।- | |
| ४२. | विवाह प्रमाणित | रु.२०० ।- | |
| ४३. | कागज मन्जुरीनामा प्रमाणित | रु.१०० ।- | |
| ४४. | हकवाला वा हकदार प्रमाणित | रु.१०० ।- | |
| ४५. | अविवाहित प्रमाणित | रु.२०० ।- | |
| ४६. | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | रु.२०० ।- | |
| ४७. | जग्गा धनीपूर्जा हराएको सिफारिश | रु.१०० ।- | |
| ४८. | पूर्जामा घर कायम गर्ने सिफारिश | रु.२०० ।- | |
| ४९. | अंग्रेजी सिफारिश तथा प्रमाणिनत | प्रति पेज रु. २००।- | |

| | | | |
|---|---|---|---|
| ५०. | मिलापत्र कागज/उजुरी दर्ता | रु.१०० ।- | |
| ५१. | जन्म दर्ता | रु.१०० ।- | |
| ५२. | मृत्यु दर्ता | रु.१०० ।- | |
| ५३. | बसाइँ सराई आउने । जाने दर्ता | रु.१०० ।- | |
| ५४. | पक्का घरको सर्जमिन | रु.५०० ।- | |
| ५५. | अन्य सबै प्रयोजनको सर्जमिन वापत | रु.५०० ।- | |
| ५६. | अचल सम्पत्ति मूल्यांकन | ०.१ प्रतिशत | |
| ५७. | रकम कलम उठाई दिए वापत | ५ प्रतिशत | |
| ५८. | सम्बन्ध विच्छेद दर्ता | रु.२०० ।- | |
| ५९. | विवाह दर्ता | रु.१०० ।- | |
| ६०. | नयाँ व्यवसाय दर्ता | रु.१०० ।- | |
| ६१. | उल्लेखित बाहेक अन्य सिफारिश | सिफारिश रु.१०० ।-<br>प्रमाणित रु.२०० ।-<br>संशोधित रु. २००।- | |
| ६२. | विद्यालय संचालन स्वीकृत तथा कक्षा वृद्धि सिफारिश | रु.५०० ।- | |
| ६३. | कृषक समूह गठन | रु.१०० ।- | |
| ६४. | कृषक समूह नवीकरण | रु.५० ।- | |
| ६५. | साना सिंचाई निवेदन दस्तुर | रु.१०० ।- | |
| ६६. | प्लाष्टिक पोखरी | रु.१०० ।- | |
| ६७. | व्यवसाय नवीकरण दर्ता | रु.२०० ।- | |

**अनुसुची-१२**

**(दफा १३ सँग सम्बन्धित)**

## गाउापालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## पर्यटन शुल्कको दर

१. सुनापती गाउँपालिका भित्र प्रवेश गर्ने आन्तरिक पर्यटकबाट प्रति पर्यटक रु. २५।- (पच्चीस रुपैयाँ) शुल्क लिइनेछ ।

तर, विद्यार्थीहरुलाई पर्यटक शुल्क लिइने छैन ।

२. सुनापती गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने विदेशी पैति पर्यटक रु. २००।- (दुई सय रुपैयाँ) शुल्क लिइनेछ ।

तर, विद्यार्थीहरुबाट लाग्ने शुल्कको पचास प्रतिशत माचत्र शुल्क लिइनेछ ।